# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-४ | २०७७ साउन २८ गते बुधबार | 12 August 2020 Wednesday | मूल्य रू. १०/-


# वर्षौंसम्म पुल अलपत्र

मिसन न्यूज

कालिकोट

एक वर्षभित्र सक्ने गरी निर्माण थालिएको कर्णाली करिडोरको खुलालु पुल ९ वर्ष बितिसक्दा पुलको जगमात्र उठाईएको छ । निर्माण कम्पनी र सडकडिभिजन कार्यालयको चरम लापरवाहीका कारण राष्ट्रिय गौरवको आयोजना अर्थात आर्थिक करिडोरको रुपमा रहेको कर्णाली करिडोर अन्तर्गत हुम्ला खण्ड जोड्ने खुलालु नदीको पुल निर्माण अलपत्र परेको हो ।

पुल निर्माण ढिलाई हुँदा यहाँका नागरिक र कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले छिटो सक्न निर्देशन दिएपछि दोर्सो पटकको सम्झौतामा यहि वैशाख महिनाको अन्तिम सम्म पुलको निर्माण सक्ने भनिएता पनि अहिले सम्म पुलको जगमा मात्र सिमित रहेको पाइएको छ । लकडाउनका बिचमा पनि निर्माणको काम भइरहेको भएपनि अझै पुलको अवस्था जगमै सिमीत छ । कर्णाली राजमार्गको हुम्ला खण्ड जोड्ने झन्डै १४ करोड लागतमा निर्माण हुन लागेको खुलालु पक्कि



कर्णाली करिडोर जोड्ने खुलालुमा लाग्ने पुल नौ वर्ष सम्म पुलको निर्माण । तस्बिर : मिसन न्यूज

पुलको काम अहिलेसम्म जगमै सिमित हुँदा यहाँका नागरिकहरु समस्यामा परेका छन । पुल नुहँदा यहाँका नागरिक वर्षौदेखि झोलंगेपुल बाट सामग्रि र फेरिबाट गाडिहरु तार्नु परेको छ । मान्छेबाट सामान ढुवानि गराउँदा यहाँका नागरिकहरु हरेक वस्तुहरु महंगीको मारमा परेका छन भने, गाडि चढिघर जानेयात्रुहरु पनि महंगो भाडाको मारमा परेका छन । २०६९ सालमा निर्माणको जिम्मा पाएको कन्काई नेपाल प्रगति जेभीले सडकडिभिजन कार्यलय संग योजना सम्झौता भई ०७० सालमै निर्माण सकिनु पर्नेमा अहिले सम्म पुल निर्माण जगमै सिमित छ। पुल निर्माणमा चरम लापरवाही हुँदासमेत नियामक निकाय मौन रहेको भन्दै कर्णाली वासि आक्रोशित छन् । नेपाली सेनाले कर्णाली करिडोरमा ९७ किलोमिटर सडकको ट्र्याक खुला गरि सडक विभागलाई हस्तान्त्रणको तयारि गर्दा समेत पुल निर्माण अहिले सम्म ५ प्रतिशत मै सिमित रहेको छ । सडकडिभिजन कार्यालय जुम्लाले समयमै प्राभिधिक स्टमेड नदिदा पुल निर्माणमा ढिलाई भएको निर्माण कम्पनिले आरोप लगाएको छ ।

बाँकी ८ पेजमा.....

# कांग्रेसमा ३६ जना

सुर्खेत-नेपाली कांग्रेसले गठन गरेको विभिन्न १२ वटा विभागमा कर्णाली प्रदेशबाट ३६ जना नेता मनोनित भएका छन् । सुर्खेतबाट मात्र ९ जना केन्द्रीय विभागमा परेका छन् । नेपाली कांग्रेसको विधानअनुसार पार्टी सभापति शेरबहादुर देउवाले १० वटा विभागमा आइतबार र दुईवटा विभागमा जेठ १७ तथा जेठ २८ मा मनोनित गरेका हुन् । वित्तीय तथा सहकारी विभागको उपप्रमुखमा सुर्खेतका पुराना नेता गोविन्दबहादुर मल्ल छनोट भएका छन् । विभागमा दैलेखका बखत कटुवाल सदस्य भएका छन् । शिक्षा विभागमा नेपाल प्रजातन्त्रवादी प्राध्यापक संघका पूर्व केन्द्रीय उपाध्यक्षसमेत रहेका डा. महेन्द्रकुमार मल्लसहित कालीकोटका शिक्षक दानबहादुर बम छनोट भएका छन् । मल्ल मध्यपश्चिमाञ्चल



विश्वविद्यालयका पूर्वरजिष्ट्रारसमेत हुन् । संगठन विभागमा सुर्खेतका धर्मराज रेग्मी र भवानी थानीका साथै कालीकोटका कालीबहादुर सहकारी र मुगुका ऐनबहादुर शाही मनोनित भएका छन् । गिरी पार्टीका सुर्खेत जिल्ला कार्यसमितिका पूर्वसचिव हुन् भने थानी कांग्रेसनिकट कर्मचारी संगठनका पूर्वअध्यक्ष हुन् । सहकारी कालीकोट र शाही मुगुका पार्टी पूर्वजिल्ला सभापति हुन् । तरुण विभागमा सुर्खेतका डोरप्रसाद शर्मासहित रुकुमका नरबहादुर बिष्ट, दैलेखका राजेशकुमार शाही र कालीकोटका मिनबहादुर बोगटी मनोनित भएका छन् । निर्माण व्यवसायी समन्वय विभागमा कालीकोटकी तारा शाही र दैलेखका शेरबहादुर शाही मनोनित भएका छन् । यातायात व्यवसायी समन्वय विभागमा ५ जना परेका छन् । सुर्खेतका इन्द्र रावल, रुकुमका दुधकुमार पुन, हुम्लाका पदमबहादुर शाही, रुकुमका उपेन्द्रबहादुर मल्ल र सल्यानका नेत्रलाल वली सदस्यमा मनोनित भएका छन् । खेलकुद विभागमा सुर्खेतका दीपक राईसहित ४ जना परेका छन् । हुम्लाका बखतबहादुर शाही, रुकुमका शिव आचार्य र कालीकोटका अशोक योगी सदस्यमा मनोनित भएका छन् । स्थानीय तह समन्वय विभागमा हुम्लाका मंगल शाही र मुगुका फन्जोक लामा परेका छन् । मुस्लिम विभागमा पनि ३ जना मनोनित भएका छन् । सुर्खेतका सतार बक्स, सल्यानका जवार अलि र दैलेखका इब्राहिम मिया

बाँकी ८ पेजमा.....

# महाबैमा सालिक स्थापना

मिसन न्यूज

कालिकोट

नेपालमा संघीय गणतन्त्र ल्याउनका लागि जनयुद्ध थालनी भएको बेला सबै स्वार्थ त्याग गरी देश र जनताको हितमा काम गर्ने क्रान्तिकारी र परिवर्तन कारी विचार बोक्दै विभिन्न आन्दोलन मा सहभागी भएकै बेला देशका लागि बलिदान गर्नुहुने आदरणीय सहिद क संगिन को नाममा महाबै गाउँपालिकाको डिल्लिकोट मा मुख्य मन्त्री महेन्द्र बहादुर शाही का प्रमुख स्वकिय सचिव खेम बहादुर सिंह भिजनको उद्योग बन पर्यटन मन्त्रालयको १० लाख लगानिमा माहाबैमा सालिक स्थापना गरिएको छ ।

विशेष पहलमा प्रदेश सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको सहिद संगिनको सालिक पार्क अनावरण उद्घाटन गर्दै नेकपा कालिकोट जिल्ला कमिटी सचिवालय सदस्य खेम बहादुर सिंह, सर्पराज सिंह, जिल्ला कमिटी सदस्य पदम बहादुर सिंह, लगायतका नेता कार्यकर्ता र जन्ता हरुको भव्य उपस्थितिमा उद्घाटन गरिएको हो । सहिदका सपना पूरा गर्न सदासर्वदा लागिरहन आदरणीय नेताज्यूहरु र डिल्लिकोट बासी आम जनता हरु लाई आग्रह गर्दै स्थानीय खुशी भयका छन् । युद्ध र आन्दोलनको उपलब्धि र मर्मस्पर्शी भावनालाई कदर गर्दै अगाडि बढ्ने विश्वास लिएको बताए । माहान जनयुद्धको राप रताप सँगै युगिन



परिवर्तनको लागि मिति २०६१/३/२१ गते जिबनको आवति तिएका स्व भरत बहादुर सिह क संगमको २०४३/१२/२१ गते जन्म भएको र मिति २०५७/३/२१ गते गरिब निमुखा जनताको मुक्तिका लागि पुर्णकालिन भएका सिह एक कर्मठ जुझारु र इमान्दार युद्धका सिपाईका रुपमा परिचित थिए भन्ने स्रोतले जनाएको छ । लगनसिलता र जुझारु साहासि पनले उनलाई तत्कालीन नेकपा माओवादिले कम्पनी कमान्डर सम्मको जिम्मा दिएको थियो । आज यस्तै थुप्रै ज्यान गुमाएर राजतन्त्रको अन्त्य सँगै नेपाली राजनितिमा परिवर्तनको दियो बलेको हो गणतन्त्रको स्थापना नयाँ संविधान स्थानिय सरकारको उदय भए सँगै सहिद क संगिनको सम्मान स्वरुप खेम ब सिह क भिजनको पहल सँगै खेम ब सिह र सर्पराज सिहवाट एक कार्यक्रम गरि सालिक सार्वजनिक गरिएको छ । यस्ले सहिदले गरेको देस र जनता प्रति गरेको लगानिको थोरै भएपनि सम्मान गर्ने स्थानिय बासिको भनाई रहेको छ ।

# सम्पादकीय...

## दिगो विकासमा सहकार्य गरौं

देश योजनावद्ध विकासका साथ अघिबढेको ६ दशक नाघिसकेको छ। योजनावद्ध विकासले दिगो विकासको लक्ष्य राख्नुपर्दछ। विकास दिगो हुन सरोकारवाला निकायहरूको बीचमा एकीकृत योजना, उचित समन्वय र सहकार्य हुनुपर्दछ। यसले स्रोतको उचित, प्रभावकारी र सक्षम परिचालनलाई सुनिश्चित गर्दछ। यसले विकासको प्रतिफल सुन्दर र सुरक्षित रूपमा नागरिकको घरदैलोमा महशुस हुने गरी पुऱ्याउन योगदान गर्दछ। यसका लागि सरोकारवाला विकासे निकायहरूको बीचमा एकीकृत योजना र समन्वयात्मक कार्यान्वयनको वातावरण बन्नुपर्दछ। तर, यस्तो समन्वय र दिगोपनाको अभाव यत्रतत्र देखिन्छ। समन्वयको अभाव खोज्न कतै जानुपर्दैन, सहरहरु,सदरमुककाम तथा सडकका खम्बाहरूमा लटरम्म तारको बिटो झुण्डिएको हेरे पुग्छ। खानेपानी र ढलका पाइप अनि बनाउँदा-बनाउँदै भत्केर खाल्डाखुल्डी बनेको सडक हेर्दा योजनावद्ध विकासको अवधारणा लज्जित हुन्छ। सडक विभागको सडक, विद्युत् प्राधिकरणको खम्बा, विद्युत् प्राधिकरण, टेलिकम र इन्टरनेट सेवा प्रदायकको तारको गुजुल्टोले विकास भएको त देखाउँछ। तर यसले सडकको सौन्दर्यलाई गिज्याइरहेको हुन्छ।

यस्तो विकासले हाम्रो प्राकृतिक सौन्दर्य बिगारेको छ। कतिपय स्थानमा चुँडिएका तारहरूले विभिन्न समयमा दुर्घटना निम्त्याई रहेको देखिन्छ। यति मात्र होइन, भूकम्प आउँदा, तीब्र गतिको हुरी बतास चल्दा, सडकमा रोपिएका रुखहरू ढल्दा, विद्युत्का तारहरू सर्ट हुँदा आगलागी भई तथा तलसम्म लच्किएका तारहरूमा सवारी साधन अल्झेर अकल्पनीय मानवीय तथा भौतिक क्षति ननिम्त्याउला भन्न सकिन्न। यस्तो परिस्थितिलाई न्यूनीकरण गर्नका लागि भूमिगत तार विस्तार वा ताररहित प्रविधिको प्रयोग महत्वपूर्ण विकल्प हुनसक्छ। टेलिकमको मोबाइल फोन ताररहित प्रविधिमा आधारित छ। ल्यान्डलाइन टेलिफोनको प्रयोग जति घट्दै जान्छ, त्यति नै टेलिकमका तारहरू सडकका खम्बाहरूबाट हराउँदै जानेछन्।

विश्व अहिले डिजिटल युगमा अभ्यस्त भइरहेको परिप्रेक्ष्यमा भूमिगत रूपमा तारहरू विस्तार गर्नेतर्फ सडक विभाग, टेलिकम, विद्युत् प्राधिकरण तथा इन्टरनेट सेवा प्रदायकहरूको बीचमा समन्वय र सहकार्य हुनुपर्ने देखिन्छ। यस प्रयोजनका लागि बिगतमा एक पटक प्रधानमन्त्री कार्यालयअर्न्तगत रहने गरी शक्तिशाली निकाय गठनको प्रस्ताव ल्याइएको थियो। तर सो निकायमा प्राविधिक नहुँदा सो प्रस्तावले मूर्तरूप पाउन सकेन। यद्यपि यस्तो निकायले नीतिगत व्यवस्था गरी सडकलाई प्रयोग गर्ने सेवा प्रदायकहरूबीच सहकार्य तथा समन्वय सुनिश्चित गरी सुरक्षित र सुन्दर शहर तथा गाउँ निर्माणमा ठोस एकीकृत योजना बनाई कार्यान्वयनमा ल्याइनुपर्ने आवश्यकता अझै टरेको छैन। यसका लागि सरकारले प्रधानमन्त्री कार्यालयअर्न्तगत रहने गरी सबै विषयका प्राविधिकहरू रहने एउटा शक्तिशाली निकाय गठन गरी सडकलाई उपयोग गर्ने सेवा प्रदायकलाई यस विषयमा समन्वय गर्नु आवश्यक छ। भोलि ठूलो दुर्घटना बेहोर्नुअघि नै यस विषयमा अग्रगामी सोचका साथ कार्य गर्न सकेमा शहर र सडकको सौन्दर्य बढ्ने र सम्भावित दुर्घटना टर्नेछ। अन्यथा, टेलिफोनका तार गुजुल्टाएर, खडकमा खाल्डाखुल्डी पारेर, खानेपानी र ढलका पाइप फुटाएर वा सडकमा पानी जमाएर तथा पुलहरु जिर्ण बनाएर कसरी 'समृद्ध नेपाल' होला।

**जनचेतना मुलक सन्देश**

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

शुभकालिका गाउँपालिकाको कार्यालय
कालिकोट

**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

# नरहरीनाथमा राहत वितरण

**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको नरहरिनाथ गाउँपालिकाका बाढी पीडितहरुलाई २५ लाख बराबरको राहत वितरण गरिएको छ। सेभ द चिल्ड्रेनको सहयोगमा भिडिसेफ नेपाल कालीकोट मार्फत २५ लाख बराबरको राहत वितरण गरिएको हो। नरहरिनाथ गाँउपालिकामा साउन १२ र १३ गते आएको बाढी पहिरोमा परी ज्यान गुमाएका, घर भत्किएका, घर चर्किएर विस्थापित भएर पालमुनी




बसेका परिवारहरुलाई राहत बितरण गरिएको छ। नेपाली कांग्रेसका युवा नेता तथा भिडिसेफ नेपालका अध्यक्ष मीनबहादुर बोगटीले नरहरीनाथ गाँउपालिका भरीका बाढी र पहिरो पीडितहरुलाई २५ लाख बराबरको राहत बितरण गरेका हुन्। नरहरीनाथ गाँउपालिकाका बाढी र पहिरो पीडितहरुलाई जिरोदेखी ५ बर्षसम्मका सबै बालबालिकाहरुलाई चाईने सामाग्रीहरु २ सय सेट, स्वच्छता सामाग्र २ सय ५० सेट, महिलाहरुका लागि चाईने सरसफाई सामाग्री १ सय ५० सेट, बासस्थानका लागि चाईने सामान ८० सेट, भान्छाका लागि चाईने सामान ८०, चिसोमा लगाउने कपडा ८० सेट बितरण गरिएको छ। नरहरीनाथ गाँउपालिका अध्यक्ष धीरबहादुर बिष्टको अध्यक्षतामा औपचारीक कार्यक्रमको आयोजना गरी पीडितहरुलाई राहत बितरण गरिएको हो। आफुहरुले राहत समयमै पाएको धेरै खुसी लागेको बाढी पीडितहरुले बताएका छन्। नरहरिनाथ गाउँपालिका(५ का भद्र सहकारीले बाढी पहिरोमा परि आफ्नो घर भत्कदा खाने बस्ने समस्या भएको बताए। उनले भने, 'थोरै भएपनि राहत भएको छ भिडिसेफले अत्यावश्यक सामाग्री सहयोग गर्यो हामी खुसी छौं।' त्यस्तै नरहरिनाथ गाउँपालिका(४ का पहिरो पीडित टिकाराम सुनारले आफुले पहिलो पटक राहत पाउदा खुसी लागेको बताए। उनले भने, 'हामीलाई अरु कसैको सहयोग भएन अहिले भिडिसेफले सहयोग गरेकोमा धन्यवाद।' राहत वितरण गर्दै गाउँपालिकाका उपाध्यक्ष मनशोभा बुढाले विभिन्न संघसंस्थाको फेरी पनि सहयोग चाहिएको बताईन्। उनले भनिन् 'क्षतिको एकिन विवरण मागेर मात्र राहत वितरण गर्नुपर्ने, आफन्त टाठाबाठालाई भन्दा पनि बास्तविक पीडितलाई अहिले राहत आवश्यक छ।' सामुदायिक रेडियो मालिका एफएमका अध्यक्ष भिडिसेफ नेपाल कालीकोटका अध्यक्ष मीनबहादुर बोगटीले द्द

**बाँकी ८ पेजमा.....**

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

डिभिजन वन कार्यालय,कालिकोट
कर्णाली प्रदेश,नेपाल

# खल्तीमा बोकेको गणतन्त्रले जनताको भलो छैन



रण बहादुर ऐरी

हजुर गणतन्त्र भनेको टुद पिपुल बाईद पिपुल फोर द पिपुल भनिन्छ ।तर नेपालमा भने एम्कीसवा सताब्दीमा टुद लिडर , बाईद लिडर फोर द लिडर बाट गणतन्त्रको थालनी हुन गई राखेको छ । जनताको बलीदानीले प्राप्त गणतन्त्र लिडरहरुको खल्तीको खाजा हुन पुगेको छ । स्थानीय तह देखी केन्द्र सम्म भ्रष्टाचारको चरम चुली छ । हिमाल भन्दा अग्लो तराई भन्दा फराकीलो पहाड भन्दा सुन्दर रुपले खेती पाती फलफुल भक्ती ध्यान भन्दा पर रही संस्थागत रुपले भ्रष्टाचार मौलाएको समाचारहरु हामी दीनान दीन पत्र पत्रिका अनलाइन सँन्चार सन्जालमा प्रशस्त सुन्न पाउदछौं । भई राछ पनि त्यसै देश कोरोना महामारीले थील थीलो भएको छ । बालवालीकाको भविश्य अन्धकार भई रहेको छ । बृद्ध आमा बुवा दिदी बैनी दाजु भाई कोरोना बाट ७० सत्तरी जनाले मृत्यु बरण गरी सकेको अवस्था विद्यमान छ । रोजगारी गुमाई युवाहरु स्वदेश फर्की रहेका छन । युवा बेरोजगारीको चाङलागी रहेको छ । महंगाईले आँकाश छोई राखेको छ ।

मट्टीतेल डीजलको भाँउ बृद्धी भएको भएछ । खोला पैरामा डुवानमा परेका मृत्यु वरण गर्ने आमा बुवा दाजु भाई दीदी बैनीको कहाली लाग्दो अवस्था र होस गुमाएको राजनीतीले दुश्मन भारतले एक सय एक रणनिती अपनाई दिन दहाडै सिमा लुटी देश आक्रान्त बनाई राखेका बेला गणतन्त्रको धज्जी उडाई टुद लिडर वाएद लीडर फोरद लिडरको गन्धा खेलहरुमा दल हरुको राजनिती सिमीत हुन पुगी राखेको छ । जुन देशमा यो पद्धती बाट भिरव मागेको रकम बाट नेताले तलब खान्छन भने त्यो गणतन्त्रले जनताले केही पाउने अपेच्छा भने कोट बाँदरको हातमा नरीवल नै हो केनै हुन्छ र बाँदरले न आफ्नो घर बनाउदछ नत आफ्नै तर नेपालका बाँदर हरु अली शिक्षीत र विकशित अवश्य छन । यीनी देश विदेशबाट चोरेर भए पनि आफ्ना कार पजेरो बिल्डीङ्ग भवन रेस्ट्रा व्यक्ती पिच्छे गाडी , मोटर, स्कुल, कलेज, फरीयाको साईनो राखी जनता गण्डीकी,कोषी, मेची, देखी महाँकाली को भेलमा गरीव जनता हत्या हिन्सा बलत्कारको शिकारमा रोग, भोग, सोक ग्रस्त छन । तर हाम्रा देशका सिपालु बाँदर हरु विदेश बाट स्वदेश फर्कने दाजु भाई दिदी बैनी हरु बाट जहाँजको दोब्बर तेब्बर भाँडा उठाई कार पजेरो मोटर र सुरा सुन्दरीमा मस्त रही बाँचेका छन । राम भक्त हनुमान पनि बाँदर थिए तर छाती चिरेर सिया राम मुटुमा देखाई दीए । श्रीलंकाको समुन्द्रमा राम नामको ढुँगाले सजीएको पुल बनाई दम्भी पांपीस्ट रावणको पापको घैटा फोडी असत्य माथी सत्यको विजय गराए ।धर्म सतातनको उजागर गरे बाँदर त यहाँका पनी रातै देखीन्छन ।तर जहाँ जहाँ खेती बारी त्यही उखेल्छन । जहां जहां रुप्या पैसा त्यही सोभ्कीइन्छन यही कोरना कहरमा चाइनाले कीटद र मास्क बाट खरवौ आम्दानी गरीरहदा नेपालले करोडौंको तरकारी कात्र नेपाल भित्रयाईएका उदाहरण छन । कोरना नियन्त्रणमा लीन बुद्धीमानी पहल कदम नचालीईदा विदेश बाट नेपाली आमा बुवा दाजु भाई दीदी बैनीका लाश दर्जनौ दर्जनका हिसावले जहाजमा आउने गरेका छन । संकृष्ट र परम परागत सोचका नितीज्ञका खल्तीमा बोकेको गणतन्त्रले देश विकाश त दील्ली बहुत दुरकी बात है तर देश नेपाल रहन्छकी रहदैन भन्ने प्रश्न खडा हुन थालेको छ । यी दलाल हरुले गणतन्त्र ल्याएको हौन जनताले गाण्तन्त्र ल्याएको हो ।तर संघीयता भने दलाल हरुकै एजेण्डा हुन जनताका एजेण्डा होइनन् । किनत भन्दा आफ्ना भाइ भार दार नाता गोता भोले मेखले हरुको भर्ती केन्द्रका रुपमा संघीयता ल्याईएको हो जनताले चाहेका होइनन् ।

राजा ज्ञानेन्द्र शाह महंगो भयो भनी फलेका जनताले अराजक पद्धतीको अन्त गरी शुख शान्तीको पद्धती लागु भयो भन्ने बेलामा विकाश त आंकाश को फल आँखा तरी मर जस्तै भयो ।तर यहांत खुट्टामा चप्पल लगाउन नसक्ने क्षमता भएका र हिजो खेतमा तातात गरी ठुलो डाँको गोरु जोत्नेहरु आजका मुख्य मन्त्री सांन्सद छन । तिनैका नाता गोता भाई भतीजा भान्जा भान्जी नाता फरीयाहरु पहाड तंराई हिमाल मधेसमा कार पजेरो जग्गा जमीन र विल्डीङ्गका मालीक बनी राखेका छन । सय कडौ वस कार जिप संन्चालन गरी राखेका छन । यी परम परागत मकैमा लाग्ने खुमल्टे किराहरु बाट जनताले विकाश र निकांश चाहेको हो भने त्यो त दीवा स्वप्न मात्र हो । जब कोही जनता कर्मचारी पहुँचमा छैन भने त्यसैलाई कानुन लाग्ने हो त्यही भ्रस्टाचारमा जाक्कीने हो । निर अपराधि अपराधमा जकक्कीने हो कीनत भन्दा कली कालमा अपराधि हरुको कित्ता पन्चानब्बे प्रतीशत राम्रो भनेको पाँच प्रतिशत त्यसमा पानी खान नपाउने लाउन नपाउने को संख्या अढाई प्रतीशत मध्यवर्गी अढाई प्रतीशत जो वर्गले चरा मुसा गरीव गुर्दा चोर छिनार जांली कपटी हुल्याहा छुल्यांहा कुरौटे बसी खाने देखी लीएर सुती खाने सम्मलाई पाल्नु पर्दा र धर्म सनातन पनी त्यही वर्गले बचाई दीनु पर्ने पिडाले मध्यवर्गी बडो मारमा परेका छन । नङ्गा कुदै मैदान भन्ने प्रणालीको सिकार बन्न पुगेका छन । यो देशमा दलको सरकार छैन पार्टीको सरकार छैन यहाँत व्यक्तीको खल्तीको गणतन्त्र चली राखेको छ । कुन गुट कुन ब्यक्ती हात्ती हुने र देशमा लुटमार र देश कंगाल बनाउने निती हावी भएको छ । यि मुसाहरु बाट देशले निकाश र विकाशको इच्छा राख्नु त आंकाशको फल आँखा तरी मरको दन्त्य कथा मात्र हो ।जनताले २०० जनाले बाढी पैरोमा ज्यान गुमाए उठीवास भए गांस कपासको प्रत्याभुती छैन । सईकडौ मान्छे कोरना कहरमाआत्म हत्या गरेर मरे वास्तै छैन । हजारौ न हजार मान्छे कोरना कहरले पीडीत छने । सुनुवाई हुने हैन , विदेश वाट सईकडौ मान्छेका लास आई राखेका छन । ब्यवस्थापन छैन तर कुर्सी ताना तान र व्यक्तिबादी राजनितीले भने ६ महीना सम्म चर्चा पाई राखेको छ ।

कहीले पार्टी जुटछ कहीले एक हुन्छ कहीले चिरा चीरा यो कुन कित्ता र कुन सिस्टमको चर्तीकला हो त्यसैका लागी मात्र जनताले अवश्य भोट दीएका हैनन होलान । तपाईहरुको पाँच वर्षे निर्वाचन लोकसेवानै नलडी ताली बजाएर भत्ता खाने तलब खाने डोजरे विकाश गरी देश खुकुलो बनाउने र जनताको गरीवीलाई तलातलमा पुऱ्याई फुटी कडौ विकाश नगरी देशको हरी विजोक गर्न अवश्य जनताले तपाई प्रती निधि अवश्य चुनेका होइनन जनताले शान्ती शुसासन अमन चयन विकाश र शिक्षा पद्धती राम्रो गर भनेर तपाईलाई चुनेका हुन यदी देश लुटेर पैसा कमाएर गरीवको घोडा चढने निती अवश्य तपाईहरुले लिएकै हो भने जनताले राण ढालेकै हो पंन्चायत ढालेकै हो , विचको प्रजातन्त्र फालेकै हो। जनमारा युद्धलाई साथ दीए कै हो गणतन्त्र ल्याएकै हो । तर तपाईका आसेपासे नाता गोता भरीया फरीयालाई भर्ती गर्ने गणतन्त्र होइन न्याय शुसासन विधायस विकांश र समबृद्धी को लागी ल्याईएको गणतन्त्र अबश्य गनआउन थाले पछि यत्ती महंगो संघीय सासन कर तीरी तपाईलाई महंगा महंगा गाडी चढ्न महंगा महंगा विल्डीङ्ग बनाउन नाता गोताको विकाश दीन दुई गुना रात चौगुना गर्न तपाई नौकर हरुलाई पठाईएको हैन । तपाईको जागीर विना लोकसेवा बनाई दिन तपाईहरु लाई पढाईको होइन तपाईलाई त देशमा शान्ती शुसाशन अमन चयन कायम गर्न , देशको रक्षा गर्न गरीवलाई शिक्षा रोजगार शुख शान्ती शुब्यवस्था को लागी जनताका नौकरका रुपमा मात्र पढाईएको होतर तपाईहरु अवश्य जनताका भाले मालीक बनेकै हौ भने जसरी जनताले राणा पन्चायत , प्रजातन्त्र ढाली गणतन्त्रको थालनी गरे त्ही अवस्था तपाई भाँले हरुको नहोला भनन सकीइदैन जनता प्रतडीत भएका छन कही भ्रष्टाचारका विरुद्ध सडकमा उत्रेका छन । कही तपाई पाखण्डी हरुलाई कही थप्पड लगाएकै छन । कही ताला बन्दी गरेकै छन । कही तपाईहरुका पाखण्ड रेड हैण्ड पक्रेकै छन ।तर तिम्रा छुद्रमती भने भलाई तर्फ भन्दा अषाड मशान्त पछि उजल जनताको करबाट लुटेका पैसाले काठमान्डौको गल्ली गल्लीमा खसी कुखुरा सोमरष धोकेको अवश्य पनि नेपाली जनताले गहीरो रुपमा नियाली रहेका छन । अली पर्ख पापको धनले उम्लेका तिम्रा बुद्धी रांक्षश रावण लाई रामका तिखा वाणले मारे जस्तै गरीव जनताको कर असुली गरी मस्ती गर्ने तपाई लाई शनिदेवको न्याय चक्रले अवश्य कुकुर सावित गराउने छ । सत्य मेव विजयते अवश्य एक दीन सत्यको विजय हुनेनै छ । एका तर्फ जनता बांढी पैरोमा ज्यान गुमाएका छन ।

अर्को तर्फ जनता कोरना कहरको मारमा छन अर्को तर्फ जनताका छोरा छोरीको पढाई नपाएर विचल्लीमा छन। अर्को तर्फ जनताका छोरा छोरी रोजगारी नपाई बेरोजगारको शिकार हुन पुगेका छन । अर्को तर्फ गरीवीको चपेटामा जन जीवन अस्त व्यस्त छ । दुश्मन भारतले नेपालका भुमी देशै भर कब्जा गरी रहेको छ । राष्ट्र राष्ट्रियता र जनताको शान्ती शुसाशन विकाश र अमन चयनका मुद्धा धोती लगाई तपाई गृह मेघी मृग मायाको शिकारमा रुमलीई राख्ने ब्यक्ती वादी गणतन्त्रका दलाल हरुलाई कर तिरेर सेतो हात्ती पाल्न नेपाली जनता बांध्य हुने छैनन । अति भयो अती अतीको विकल्प नेपाली जनता रोज्नेछन । तपाई खीयां लागेका गाडी बाट जनताले सेवा नपाउने बुझी सकेका छन , कागजको खल्तीमा लुकाएको गणतन्त्र जनताले मान्नै पर्छ भन्ने केही छैन तपाई पाखण्डको प्रायश्चित गर्न जनताका रोजगारी, शिक्षा , उद्योग कलकार खाना , योजना दीगो विकाशका दृघ कालीन योजना ल्याउनु होस अन्याथा तपाई परोप काराय पुण्याय पापाय परिपिडनम भित्र पर्नु नै हुने छ भन्दै लेखक समेतका जनता विट मार्दछौं । **(लेखक: रण बहादुर ऐरी, कार्यालय प्रमुख, खा.व्या.तथा व्या.क.ली. शाखा दैलेख)**

# बलात्कार आरोपित वडा अध्यक्ष शाही जेल चलान

मिसन न्यूज
कालिकोट





जिल्लाको खाँडाचक्र नगरपालिका वडा नं. ६ का बलात्कार आरोपित ५१ बर्षिया वडा अध्यक्ष जगधिश शाही पूर्पक्षका लागि जेल चलान भएका छन् । तत्कालिन नेकपा एमालेबाट निर्बाचित वडा अध्यक्ष शाहीलाई जिल्ला अदालत कालिकोटले शुक्रबार पूर्पक्षका लागि जेल चलान गरेको हो । जिल्ला अदालत कालिकोटका श्रेष्ताद्धार दामोदर घिमिरेले बलात्कार आरोपित वडा अध्यक्ष शाही पूर्पक्षका लागि कारागार चलान गरिएको जानकारी दिए । उनका अनुसार जिल्ला अदालतबाट पुर्ण फैसला नभएसम्म कारागार चलान गरिएको हो । उनले भने, 'जबरजस्ती करणी मुद्धामा पक्राउ भएका वडा अध्यक्षको प्रमाण बुझ्न समय लाग्ने भएकाले मुद्धाको फैसला नभएसम्मका लागि कारागार चलान गरिएको हो ।' उनी अब कारागारबाटै मुद्धा लड्नेछन् ।

जिल्ला प्रहरी कार्यालयले २४ दिन हिराशत राखेर घटनाको बृस्तृत अनुसन्धान गरी सरकारी वकिलमार्फत आफ्नो मागदाबी सहित मुद्धा अदालतमा पेश गरेपछि शुक्रबार अदालतले वडा अध्यक्ष शाहीलाई कारागार चलान गरेको हो । प्रहरीले बलात्कार आरोपित वडा अध्यक्ष शाहीले खाँडाचक्र नगरपालिका वडा नं. ६ निवासी १३ बर्षिया किशोरीलाई पटक पटक बलात्कार गरेको निष्कर्ष निकालेको छ । वडा अध्यक्ष जगधिश शाहीकी बहिनी (हाड नाता) नाता पर्ने किशोरीलाई पहिलो पटक २०७४ सालमा बिद्यालयबाट घर जाँदै गर्दा बीच बाटोमा वडा अध्यक्षले आफ्नै घरमा लिएर बलात्कार गरेको प्रहरी अनुसन्धानमा खुलेको छ । दोस्रो पटक २०७६ साल भदौ १७ गते किशोरीकै घरमा दिउसो अरु कोही मान्छे नभएको मौका छोपी बलात्कार भएको प्रहरीले दाबी गरेको छ । प्रहरी अधिकारीले भने, 'बलात्कार पीडित किशोरी दुई पटकसम्म बलात्कार नै भयो । कैयौं पटक बलात्कार प्रयास भएको छ । गाँउकै बिद्यालयमा अध्यायनरत किशोरी पढ्ने बिद्यालयमा क्यान्टीनमा खाजा खुवाउने, पैसाको लोभ देखाउने, माया देखाउने जस्ता व्यवहारले किशोरी वडा अध्यक्षसँग नजिकिएको र त्यसैको फाईदा उठाएर वडा अध्यक्षले किशोरीमाथि पटक पटक बलात्कार गरेको अनुसन्धानमा खुलेको छ ।' उनले थपे, पीडित किशोरीको घर जाने बाटो वडा अध्यक्षको घरको आँगनबाटै रहेछ । किशोरी बिद्यालयबाट घर फर्किने बेला वडा अध्यक्ष शाहीले बाटो कुरेर बस्ने रहेछन् । पहिलो पटक बलात्कार भएपछि किशोरीलाई कसैलाई पनि नभन्न भनेछन् । भनेपछि मारिदिने जस्ता धाक धम्की र नभनेपछि आर्थिक सहयोग गर्ने, पढाईदिने जस्ता लोभ पनि देखाए छन् । पछि पछि जहाँ भेट्यो त्यही समात्ने, अगालो मार्ने, माया गर्ने जस्ता व्यवहार गर्ने गरेछन् । पीडित किशोरीलाई एक पटक ६ सय ४० रुपैयाको घडी मोल्फा बजारबाट किनेर दिएछन् । त्यो घडी किशोरी आफैले राख्न नसकेपछि साथीलाई दिईछन् । पटक पटक पैसा दिन खोजे पनि किशोरीले लिन मानिनन् । पीडित किशोरी र वडा अध्यक्ष शाहीको मेडिकल रिपोर्ट आएको छैन् । परिक्षणका लागि नमुना बिधि बिज्ञान प्रयोगशाला काठ्माण्डौ पठाईएको छ ।

२०७४ सालमा पहिलो पटक बलत्कृत भएकी किशोरी वडा अध्यक्ष शाहीबाट भाग्न थालिन् । तर वडा अध्यक्षले जहाँ भेट्यो तेही दुर्व्यवहार गर्न थाले । दोस्रो पटक २०७६ साल भदौ १७ गते बिरामी परेर घरमा सुतिरहेकी किशोरीलाई एक्लै भएको मौका छोपी बलात्कार गर्दै गर्दा पीडित किशोरीकी एक जना साथीले रंगेहात फेला पारिन् । घर भित्र कोठामा संगै सुतिरहेको अवस्थामा साथीले भेटाएपछि वडा अध्यक्षले ठुसुक्क रहने, ढोकामा हानेर, खोकेर घरभित्र आउनु पर्दैन भनेर गाली गरे । देख्ने किशोरीलाई समेत उनले धम्की दिए । बाहिर भनेपछि दुवैको लाज हुने र दुवै जनाको ज्यान पनि जान सक्ने भनेपछि उनीहरु दुवै किशोरीले नभन्ने सल्ला गरिन् । तर वडा अध्यक्षले पछि किशोरीहरुले कतै पनि नभनेपछि फेरी जहाँ भेट्यो त्यही दुव्यवहार गर्न थाले । २०७७ साल असार पहिलो साता दाँहाँदेखी चुलीमालिका पर्यटकिय सडक खन्ने डोजर लिएर वडा अभ्यक्ष लेखतिर जाँदै गर्दा बाटोमा बाख्रा चराउन गएकी ती किशोरीलाई एक्लै भएको मौका छोपी फेरी दुर्व्यवहार गरे । त्यसपछि ती पीडित किशोरीले पहिले रंगेहात फेला पारेकी साथीलाई भेट्न लाईन । आफुलाई पटक पटक दुर्व्यवहार गर्ने गरेको र आफु सहन नसक्ने अवस्था आएको बताईन् । अनी ती साथीले महिनावारी भएका किशोरीहरु बस्ने गोठमा गएर अरुलाई त्यो समस्या सुनाईन् ।

त्यसपछि गाँउमा हल्ला भयो । वडा अध्यक्ष शाही र ती किशोरीको अनैतिक सम्बन्ध रहेको गाँउमा हल्ला चलेपछि पीडित किशोरीले आफ्नो घरमा गएर सबै कुरा बताईन् । अनी आफन्तले जिल्ला प्रहरी कार्यालयमा जाहेर दिए । आफन्तको जाहेरी पछि प्रहरीले वडा अध्यक्ष शाहीलाई असार ३१ गते पक्राउ गरी जबरजस्ती करणी तथा हाड नाता करणीमा मुद्धा दर्ता गर्‍यो । प्रहरीले मुलुकी अपराध संहिता २०७४ बमोजिम नीज वडा अध्यक्ष शाहीलाई जबरजस्ती करणी कशुरमा १२ देखी १४ बर्ष कैद र हाड नाता करणी १ देखी ३ बर्षसम्म कैद सहित उचित क्षेती पुर्तिको माग दाबी गरेर सरकारी वकिल कार्यालय मार्फत अदालतमा मुद्धा पेश गरेको छ ।




## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# सदरमुकाममै बसेर कृते हस्ताक्षर गरी रकम निकाशा


मिसन न्यूज
कालिकोट

जिल्लाको खाँडाचक्र नगरपालिका वडा नं. ६ स्थित पंचमुल आधारभुत बिद्यालयका प्रधानाध्यापकल शेरबहादुर शाहीले बिद्यालय व्यवस्थापन समितिका अध्यक्षको कृते हस्ताक्षर गरी लाखौ रुपैया दुरुपयोग गरेका छन् । बिद्यालयको खातामा आएको दिवा खाजा, पाठ्यपुस्तक, बिद्यालय घेरबार र बिद्यालय सुधार योजनाको बजेट कृते हस्ताक्षर गरी दुरुपयोग गरेका हुन् । बिद्यालयमा अस्थायी दरबन्दीमा कार्यरत प्रअ शाहीले २०७६ साल माघ महिनादेखी २०७७ साल साउन महिनासम्म करीब १५ पटक बिव्यस अध्यक्ष जगतबहादुर बमको कृते हस्ताक्षर गरी रकम निकालेका छन् ।

राष्ट्रिय बाणिज्य बैंक शाखा मान्ममा रहेको पंचमुल आधारभुत बिद्यालयको खाता नं. ४१२०००१७७७०१ मा जम्मा भएको बिभिन्न शीर्षकबाट ८ लाख ५१ हजार कृते हस्ताक्षर गरी रकम निकालेर दुरुपयोग गरेको बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष बमले बताए । उनका अनुसार आर्थिक अनियमितता गर्ने बिद्यालयका प्रअलाई मुद्धा हाल्न व्यवस्थापन समितिको बैठक बोलाईएको छ । पंचमुल आधारभुत बिद्यालयका अध्यक्ष बमले भने, 'यो बर्षको सांसद विकास कोषको बिद्यालय घेरबारका नाममा १० लाख बजेट आएको थियो ।







कालिकोटबाट प्रतिनिधि सभामा निर्बाचित सांसद दुर्गबहादुर रावतले बिद्यालय घेरबारका लागि १० लाख बजेट हाले । गाँउका ४० जना मजदुरहरु लगाएर बिद्यालयको घेरबार गरियो । काम सम्पन्न भईसकेपछि मजदुरलाई ज्याला दिनुपर्छ भनेर सदरमुकाम मान्म आए । प्रअलाई बोलाउदा सम्पर्कमा आएनन् । बैंक खातामा पैसा कति छ भनेर सोध्दा २ हजार बढी थिएन् । बैंक स्टेट्मेन्ट निकालेर हेर्दा मेरा हस्ताक्षर गरेर प्रअ शाहीले सबै पैसा निकालेर हिनामिना गरिसकेका रहेछन् । करीव १५ पटक मेरा हस्ताक्षर कृते गरेर रकम निकालेका छन् । सांसद दुर्गबहादुर रावतले सांसद विकास कोषबाट प्राप्त १० लाख बजेटमा पनि सांसदले आफुलाई दुई लाख दिनुपर्छ भनेर मागेका छन भनेर प्रअ शाहीले २ लाखको चेक पनि लिए । बिद्यालयको खाताबाट १० लाख ५१ हजार रुपैया व्यक्तिगत रुपमा हिनामीना गरे ।' उनले भने, 'करार शिक्षकलाई तलव पनि दिएको छैन् । बिद्यालय घेरबार गर्ने ४० जना मजदुरलाई ज्याला पनि दिएको छैन् । करीव ६ लाख ज्याला नै तिर्नु छ । उनीहरु मेरो घर घेर्न आउन थाले । म कहाँबाट उनीहरुको ज्याला तिरु ।' उनले प्रअ शाही नियमित बिद्यालय नजाने, राजनीतिक गतिबिधिमा सक्रिय हुने काम गर्ने गरेको बताए । यता प्रअ शेरबहादुर शाहीले आफुले बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगतबहादुर बमको कृते हस्ताक्षर गरेर रकम दुरुपयोग गरेको कुरा अस्वीकार गरे । उनले भने, 'मैले कृते हस्ताक्षर गरेकै छैन् । व्यक्तिगत रिसेबीका कारण मलाई झुटो आरोप लगाईएको हो । सांसद दुर्गबहादुर रावलले बिद्यालयमा हालेको १० लाखमा मजदुरहरुलाई ६ लाखमा ठेक्का दियौं । बाँकी रहेको ४ लाख रुपैयौ अध्यक्षले आधा माग्नु भएको थियो । मैले दिईन् । त्यसको रिसले मलाईं आर्थिक अनियमितता गरेको ओरोप लगाईएको हो ।' उनले थपे, सांसद दुर्गबहादुर रावतलाई दिन्छु भनेर रकम पनि लिएको छैन् । नगरपालिकाले ६ प्रतिशत कन्टलजेन्सी काट्यो बाँकी रकम बिद्यालयको खातामा आएको हो । बिद्यार्थी दिवा खाजाको रकम करार शिक्षकलाई तलव दिईयो । अध्यक्षले हस्ताक्षर गरेर मलाई चेक दिनुभएको हो । करीव ६ लाख ७३ हजार रकम मैले राखेको छु । बिद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग सहमति भएपछि सबै रकम तिर्छु । यता सांसद दुर्गबहादुर रावतले पंचमुल आधारभुत बिद्यालयका प्रअ शेरबहादुर शाहीसँग आफ्नो कुनै लेनदेन नभएको बताए । उनले भने, 'योजनाका उपभोक्ता बिद्यालयहरुसँग मेरो कुनै सम्पर्क छैन् । योजनाको काम भए नभएको समन्वय समितिले हेर्छ । काम स्थानिय पालिकाले बजेट कार्यन्वयन गर्छ । स्थानिय पुर्वाधार साझेदारी कार्यक्रम मार्फत बजेट बिनियोजन गरिएको हो । स्थानिय तहले मागेका योजनाहरुमा सांसदको नेतृत्वमा बिनियोजन गरिन्छ । यदि प्रअले साचै आफ्नो नाममा रकम अनियमितता गरेको तथ्य खुल्यो भने कारबाही हुन्छ ।'

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट**

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधैं ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल**

# लालिघाट र जितेबजार जोखिममा

मिसन न्यूज
कालिकोट

कर्णाली नदीमा पानीको बहाव बढेपछि लालिघाट र जितेबजार बाढीको उच्च जोखिममा परेका छन्। नदीमा ढुंगामुढासहित पानीको सतह निकै बढेपछि कर्णाली र तिदा नदीको किनार कडा चट्टानको फेदमा रहेको जिते बजार र लालिघाट बजार बाढीको उच्च जोखिममा परेका हुन् । २०६३ साल चैत ३० गते कर्णाली राजमार्गको जुम्ला सुर्खेत सडक खण्डमा गाडि गुडेपछि स्थापना भएको जिते बजारमा अहिले पनि घना बस्ती छ। बस्ती पछाडि तिला र कर्णाली नदीको तीव्र बहाव जुनसुकै बेला पनि बग्न वा पुरिन सक्ने जितेबजारको घाटमा २७ परिवारको बसोबास छ। उच्च जोखिममा रहेको यो ठाउँका स्थानीय बजारवासी वर्षौदेखि बसिरहेका छन्। चिया पसल मात्र भएको लालिघाट बजार कर्णाली करिडोरमा जीप संचालन भएपछि थप विस्तार भयो। त्यहाँ अहिले पनि दर्जनौं पसल छन्। नदी किनारसँगै जोडिएको उक्त बजार नदीमा पानीको बहाव बढेपछि निकै जोखिममा परेको छ। स्थानीय व्यापारी नेत्र बिष्टका अनुसार कर्णालीमा पानीको बहाव निकै बढेपछि स्थानीय व्यापारी त्रसित बनेका छन् । उनले भने, 'लालिघाट बजार र नदी किनारको दूरी पहिले २५ मिटर थियो। तर नदीमा आइतबार रातीबाट पानीको बहाव बढेर नदीको छालले बजार छोइसकेको छ। यही गतिमा नदीमा पानीको बहाव बढ्दै गएपछि कुन बेला बजार डुब्छ थाहा छैन् ।' उनले नदीले पसल छुने अवस्था आएपछि पसलमा राखिएको लाखौंको माल समान कहाँ लिने, कसरी लिने समस्या परेको बताए । ती बजारमा अधिकांश व्यापारी बाहिरबाट आएका र केही स्थानीयले पनि पसल थापेका छन्। सुरक्षित ठाउँतिर जान प्रशासनले बेला बेलामा आग्रह गरेपनि स्थानीय व्यापारी जान मानेका छैनन् । उनीहरु जोखिम मोलेर भगवान भरोसामा जिते र लालिघाट बजारमा बसोबास गरिरहेका छन्। वर्षौदेखि जोखिमयुक्त ठाउँमा रहेको उक्त बजार अहिले नदीमा पानीको सतह बढेसँगै थप जोखिममा परेको छ। प्रमुख जिल्ला अधिकारी चन्द्रसाद गैरेले नदीमा पानीको सतह बढ्यो भन्ने खबर प्राप्त भएपछि नेपाल प्रहरी र नेपाली सेनाको टोलीलाई स्थलगत खटाइएको बताए । उनले पछि हुनसक्ने जोखिमलाई आंकलन गरी स्थानीय व्यापारीलाई सुरक्षित स्थानमा जान पनि आग्रह गरेका छन् ।



बाँकी ८ पेजमा.....

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्छीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्छी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# जोखिम बढेका जिल्लामा सिडिओ र स्थानीय तहलाई अधिकार

मिसन न्यूज
काठमाडौं

कोरोना भाइरस संक्रमित संख्या वृद्धि भइरहे पनि संघीय सरकारले फेरि मुलुकव्यापी लकडाउन नगर्ने भएको छ । सरकारका प्रवक्ता युवराज गर्ने क्षेत्रगत नीति अपनाइएको हो ।' उनले व्यवसाय गर्न र मालसामान ढुवानीमा पनि केन्द्र सरकारले रोक नलगाएको जानकारी दिए । 'निश्चित ठाउँ जहाँ कोरोना जोखिम देखिन्छ त्यहाँ स्थानीय तहले प्रतिबन्ध लगाउन सक्छ। केन्द्र सरकारले फेरि बन्दाबन्दी गर्ने तयारी गरेको



खतिवडाले फेरि लकडाउन गर्ने तयारीमा सरकार नरहेको प्रष्टाएका हुन् । मन्त्रिपरिषदले गरेका निर्णय सार्वजनिक गर्दै मंगलबार मन्त्री खतिवडाले दुई सयभन्दा बढी सक्रिय कोरोना संक्रमित भएका जिल्लामा प्रमुख जिल्ला अधिकारी र स्थानीय तहले 'लकडाउन' गर्न सक्ने बताए । 'हामीले मुलुकव्यापी लकडाउन गरेका छैनौं । मन्त्रिपरिषदका निर्णयमा कहिँ पनि लकडाउन शब्द लेखिएको छैन,' मन्त्री खतिवडाले भने, 'कुनै जिल्ला कोरोनामुक्त भइसकेका छन् त्यसकारण केन्द्र सरकारले फेरि लकडाउन (बन्दाबन्दी) भन्न मिल्दैन । जरूरी पनि छैन । कोरोना बढेका ठाउँमा जोखिम हेरेर सिडिओ र स्थानीय तहलाई अधिकार दिइएको छ ।' उनले अहिले पनि मानिसको आवतजावत नरोकिएको जानकारी दिए । 'दुई सयभन्दा कम कोरोना संक्रमित रहेका जिल्लाका मानिसलाई आवतजावत गर्न दिइएकै छ,' उनले भने, 'जहाँ कोरोना जोखिम देखिन्छ त्यहाँ कडाइ छैन,' मन्त्री खतिवडाले भने । जोररबिजोर प्रणाली लागू गरेको सरकारले सार्वजनिक यातायात रोक्ने निर्णय पनि गरेको छैन । तर अन्तरजिल्ला सार्वजनिक यातायात भने खुलेको छैन । दुई सयभन्दा बढी सक्रिय कोरोना संक्रमित भएका जिल्ला र काठमाडौं उपत्यकामा सरकारी तथा गैरसरकारी कार्यालय र बैंक तथा वित्तीय संस्थाले वर्क फर्म होम नियमअनुसार काम गर्नुपर्नेछ । 'जनतासँग प्रत्यक्ष जोडिएर सेवा दिने सरकारी तथा गैरसकारी कार्यालय र बैंक तथा वित्तीय संस्थाका कार्यालयमा ५० प्रतिशतमात्रै कर्मचारी कार्यालयमा आउन पाउँछन्,' उनले भने, 'अरू कर्मचारीलाई घरबाटै काम गर्ने व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले गर्नुपर्नेछ ।' होटल तथा रेष्टुरामा पकाएका परिकार लैजान दिने निर्णय भए पनि रेष्टुरा र होटलमा बस्न भने नदिइने उनले बताए। साउन १५ देखि होटल र रेष्टुरा खोल्न दिए पनि

बाँकी ८ पेजमा.....

# विश्वको पहिलो कोरोना भ्याक्सिन दर्ता

एजेन्सी
रुस

रुसले कोरोना भाइरसविरुद्ध विश्वको पहिलो भ्याक्सिन दर्ता गरेको घोषणा राष्ट्रपति भ्यादिमिर पुटिनले गरेका छन् । विश्वव्यापी रुपमा फैलिएको प्राणघातक रोगविरुद्ध प्रतिरोधी क्षमता विकास गर्नका लागि यो डोज प्रभावकारी रहेको उनले गर्छ, प्रभावकारी काम गर्छ र म दोहोर्याएर भन्छु, यसले सबै परीक्षण पास गरिसकेको छ,' उनले भने । कोभिड-१९ का कारण अहिलेसम्म विश्वभर ७ लाखभन्दा धेरैको मृत्यु भइसकेको छ । त्यस्तै २ करोडभन्दा धेरैमा संक्रमण देखिएको छ । पुटिनले स्वास्थमन्त्री मिखाइल मुरास्कोंलाई भ्याक्सिनबारे थप जानकारी उपलब्ध गराउन



बताए । 'मैले बुझेअनुसार कोरोना भाइरसविरुद्धको विश्वको पहिलो भ्याक्सिन यसै बिहान रुसमा दर्ता भएको छ,' राष्ट्रपति पुटिनले सरकारका सदस्यहरुलाई भने, 'म ती सबैलाई धन्यवाद् दिन्छु, जसले भ्याक्सिन निर्माणमा काम गरे । यो पुरै विश्वका लागि महत्वपूर्ण क्षण हो ।' पुटिनले रुसमा स्वेच्छाअनुसार भ्याक्सिन लगाउने कार्यक्रम अघि बढाउनुपर्ने बताए ।

उनले यस भ्याक्सिन लगाउन कसैलाई बाध्य नगरिने बताए । आफ्नी एक छोरीले पनि यस भ्याक्सिन लगाइसकेको खुलासा पुटिनले गरे । 'मलाई थाहा छ कि यसले स्थिर इम्युनिटी विकास भनेका थिए । मुरास्कोंले आगामी जनवरीसम्म सबैसमक्ष भ्याक्सिन पुगिसक्ने आशा गरे । अहिले भने स्वास्थ्यकर्मी र शिक्षकहरुलाई प्राथमिकतामा राखिएको छ । विश्वका अति प्रभावित देशको सूचीमा अमेरिका, ब्राजिल र भारतपछि रुसको नाम आउँछ । रुसमा ८ लाख ९५ हजारमा कोरोना भाइरसको संक्रमण पुष्टि भइसकेको छ भने १५ हजार १ सय ३१ जनाको मृत्यु भइसकेको छ । अमेरिकामा ५० लाखभन्दा धेरै, ब्राजिलमा ३० लाखभन्दा धेरै र भारतमा २० लाखभन्दा धेरैमा कोरोना भाइरसको संक्रमण पुष्टि भइसकेको छ ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । लाभ नहुने कामको समेत जिम्मेवारी सम्हाल्नुपर्ला । सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै आफन्तसँग सम्पर्क बढ्नाले मनमा आनन्द मिल्नेछ । नयाँ काममा हात हाल्न केही अवरोध आउन सक्छन् । घरायसी काममा पनि अलमलिनुपर्ला । |
| वृष : | प्रारम्भमा आम्दानीका विविध स्रोत फेला परे पनि दिगो लाभ उठाउन नसकिएला । परिस्थितिवश हातबाट सञ्चित रकम बाहिरिन सक्छ । बलजफ्ती गर्ने बानीले काममा समेत समस्या पर्नेछ । |
| मिथुन : | सामाजिक काममा जुट्नुपरे पनि दाम, इनाम एवं प्रतिष्ठा प्राप्त हुने समय छ । पहिलेको नतिजाले हौसला प्रदान गर्नेछ । पेसा र व्यापारमा मनग्गे लाभ हुनेछ । आम्दानीका अन्य स्रोत समेत फेला पर्नेछन् । |
| कर्कट : | प्रारम्भमा व्यावहारिक कठिनाइ देखा पर्नाले चिताएको काम रोकिन सक्छ । तापनि मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ । सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै कर्मयोगले समाजमा स्थापित गराउन सक्छ । काम देखाएर उपलब्धि हातपार्ने समय छ । |
| सिंह : | सुरुमा व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। अध्ययनमा बाधा पुग्नेछ भने वादविवादले समस्या निम्त्याउन सक्छ । |
| कन्या : | शुभचिन्तकहरूको सहयोगले साताको प्रारम्भ उत्साहवर्द्धक देखिनेछ । सामाजिक प्रतिष्ठा एवं पदीय जिम्मेवारी प्राप्त हुनेछ । सोमवारदेखि भने काममा अरूको भर पर्नुपर्ने स्थिति आउन सक्छ । अरूकै लागि रकम र समय पनि खर्चनुपर्ला । स्वास्थ्यमा केही कमजोरी देखापर्नेछ । |
| तुला : | चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ । मिहिनेतले अवसर दिलाउनेछ भने लगनशीलताले लक्ष्यमा पुर्याउनेछ । विवाद तथा मुद्दाहरूमा पनि आफ्नो पक्ष बलियो रहनेछ । व्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ । प्रयत्न गर्दा मित्रता र प्रेमको बन्धन कसिनेछ । पेसातर्फ आम्दानी पनि बढ्नेछ । |
| वृश्चिक : | प्रारम्भमा पढाइलेखाइ र स्वास्थ्यको चिन्ताले सताउन सक्छ । बलजफ्तीले काम बिग्रनेछ भने अर्थ अभावले पनि समस्या उत्पन्न हुनेछ । सोमवारदेखि व्यापार र उद्योगमा विशेष फाइदा हुनेछ । स्रोत-साधन जुट्नाले छोटो समयमा उपलब्धि हातलागी हुनेछ । |
| धनु : | प्रारम्भमा अप्ठ्यारो परिस्थितिका बीच केही संघर्ष गर्नुपर्ने हुन सक्छ । आफन्तसँग असमझदारी बढ्नेछ । काम बिग्रने भयले सताउन सक्छ । सोमवारदेखि रोकिएको कामले गति लिनेछ । धेरै फाइदा नभए पनि नयाँ काम सुरु हुनेछ । अध्ययनमा सामान्य प्रगति हुनेछ । |
| मकर : | मिहिनेतले हिम्मत दिलाउनेछ भने सुरुमा पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ । सोमवारदेखि साइनो गाँस्नेहरूबाट अलि सजग रहनुपर्ला । परिस्थितिअनुसार चल्न नसक्ता केही दुःख पाइनेछ । समयतालिका नमिल्दा आफ्ना कामबाट अरूले फाइदा उठाउलान् । |
| कुम्भ : | धेरै बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ । खराब व्यक्तिको संगतले बुद्धिभ्रम हुनेछ । सोमवारपछि शुभचिन्तकहरूको साथ जुट्नाले काममा फाइदा हुनेछ । बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ । टाढिएका आफन्त नजिकिनेछन् । अध्ययन र व्यापारमा फाइदा हुनेछ । |
| मीन : | सुरुमा रमाइलो जमघट र खानपानमा रमाउने समय छ । वातावरण अनुकूल नदेखिए पनि इच्छाशक्ति बढ्नाले लक्ष्य प्राप्ति हुनेछ । लगनशीलताले प्रतिष्ठा दिलाउनेछ । सोमवारदेखि परिस्थितिवश लक्ष्य साधनामा पछि परिनेछ । अप्रिय समाचारले जाँगर मर्नेछ । |

## वर्षौंसम्म पुल.....................

मुख्य सडकडिभिजन कार्यालयको लापरबाहीका कारण पुल निर्माण सुरु भएको नौ वर्षसम्म पनि बन्न नसकेको निर्माण कम्पनिका ठेकेदार दिपकराज मैनालिले बताए । उनका अनुसार, सवै समाग्रिहरु जुटाएर कामको तयारि गर्दापनि कार्यालयले ७ वर्ष सम्म स्टेमेड कागज नदिदा ढिलाई भएको हो । बल्ल बल्ल अस्ति असाढको मैनादेखि कामगर्ने नक्का पाएका छौ । काम गर्ने वातावरण पाएको भएपनी लकडाउनले गर्दा विचमा निर्माण सामागि र कामदारहरको अभावका कारण निर्माण कार्यलाई निरन्तर अगाढि बढाउन सकिएन । उनले भने, राष्टिय सभा सदस्य जिवन बुढाको सहयोगमा हामिले डिभिजन कार्यालय वाट नक्सा पाएका छौ । अवको एक वर्षभित्रै करिडोर जोड्ने पुन निर्माण सम्पन्न गर्ने बताए । शिल्यानेस भएको नौ वर्ष वितिसक्दा समेत पुल निर्माणमा ढिलाई हुनाको कारण निर्माण कम्पनि रहेको सडकडिभिजन कार्यालय जुम्लाका प्रमुख माधप प्रर्साद अधिकारिले बताए । निर्माणकम्पनिले एक वर्षभित्रै पुल निर्माण गर्ने भनेको छ । समयमै सम्पन्न नगरे ठेका रद गर्ने पनि जानकारि दिए । पटकपटक निर्माण सञ्चालन गर्न र तोकिएको समयमै काम सक्न हामि कार्यालय धाउदासमेत कार्यालयले नौ वर्ष सम्म औपचारिक रुपमा सम्बन्धित कम्पनीलाई ताकेता गरिएको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहिले,अवको एक वर्षमा पुल निर्माण नगरे अर्को ठेक्का खोलेर पनि काम छिटो गराउनु लगाउने बताए । नौ वर्षसम्म निर्माण कम्पनि र सडकडिभिजन कार्यालयकै कारण पुल निर्माण हुनु सकेको हैन । अव जसले काम छिटो गर्छ उसैलाई ठेक्का दिने जानकारि दिए । पटक पटक छिटो पुलनिर्माण गर्न ताकेदा गर्दा समेत पुल निर्माण भएन दुखको कुरा हो । कर्णाली करिडोर आयोजनाअन्तर्गत खुलालु पुल निर्माणमा भएको ढिलाइले कालिकोट ,वाजुराको आधा, ,हुम्ला र मुगु सडक सञ्जाल जोडिनबाट वञ्चित भएको छ । सडक नेपालि सेनाले बनाई सकेको छ , पुल निर्माण अलपत्र पर्दा सडक बनेपनि गाडि संचालन नहुदा संयौ यात्रुहरु प्रदोलमै यात्रा गर्नु परेको छ । केष्टि मार्फत तारेर लगेका जिवहरुले मनोमानि यात्रुहरुवाट भाड लिदा यात्रुहरु ठगिनु परेको छ । यदि पुल भैदिएको भए । ठुलासाना गाडिहरु सुर्खेत, नेपालगंज, काठमान्डौ वाट सिधै कालिकोट,वाजुरा, हुम्ला पुग्थे । खुलालु पुल नबन्दा यातायात सञ्चालन र छिमे्कि जिल्लाहरुको आर्थिक तथा सामाजिक सम्बन्धसमेत टुटेको रास्कोट नगरपालिका प्रमुख कााँशिचन्द्र वरालले बताए । बारम्बार टेलिफोनबाट कर्णाली करिडोर जोड्ने खुलालु पुल ठेकेदारलाई पुल बनाउन आग्रह गर्दा पनि सुनुवाइ नभएको उनले बताए । 'मैले हार खाइसकैं, छिटोछरितो पुल निर्माणका लागि सम्बन्धित पक्षलाई पटक-पटक अनुरोध गरिसकैं तर सुनुवाइ भएन', उनले भने, 'पुलको निर्माण दुतगतिमा लैजान प्रतिनिधि सभाका सांसद र राष्ट्रिय सभाका सांसद संग पनि पटक पटक आग्रह गरेको बताए । सो पुलको शिल्यानेश २०७९ सालमा भौतिक यातायात तथा पुर्बधार मन्त्रि विमलेन्द निधिले गरेका थिए ।

## नरहरीनाथमा राहत.............

गाउँपालिकाबाट पीडितको विवरण माग गरि राहत दिएको बताए । उनले तत्काल उद्धारका लागि पाल, स्वास्थ्य सामाग्री, खाना पकाउने भाडाकुडा, बालबालिकाका लागि लगाउने लुगा, महिलाका लागि लगाउने लुगा दिएको र दोस्रो चरणमा अत्यावश्यक सामाग्री खाद्यन्नको माग गरिएको बताए । उनले अहिले पीडितको घाउँमा मलहम लगाउने काम गरेको बताए । पहिलो चरणमा मृतकका परिवार, पूर्ण रुपमा घर भत्किएका, विस्थापित भएर बसेकालाई पहिलो प्राथमिकतामा राखेर राहत वितरण गरेको बोगटीले बताए । उनले आफुले पनि गत स्थानीय तह निर्वाचनमा नेपाली काँग्रेसबाट उम्मेदवार भएर चुनावमा पराजय भोग्नु परेपनि अहिले यो विपदको घडिमा सहयोग गर्न पाउदा खुसी लागेको बताए । उनले यस बर्षको बाढी र पहिरोबाट नरहरीनाथ गाँउपालिकामा ठुलो क्षेती भएको भन्दै दुख पनि व्यक्ति गरे ।

## लालिघाट र जितेबजार................

उनले भने, 'हामीले नेपाल प्रहरी र नेपाली सेनालाई नदीबाट जोखिममा परेको बजारको अवस्था बुझ्न खटाइएको छ । बजारबासीलाई सुरक्षित ठाउँमा जान आग्रह पनि गरेका छौं । कर्णाली नदीमा आइतबार रातीबाट ठूला ठूला मुढा, ढुंगा बग्नुको साथै पानीको सतह बढेको बुझिएको छ ।' करिब ६ वर्षअघि राष्ट्रिय गौरवको आयोजना कर्णाली करिडोर सडक निर्माणका बेला उनीहरूलाई समान्य क्षतिपूर्ति लिएर जान आग्रह गर्दा जान मानेनन् । बस्ती भन्दा २० मिटरको सिधा दुरीमा नदी वरिपारि सडक निर्माण गर्नुपर्ने भएकाले त्यो बस्ती जोगाउन नसक्ने निष्कर्षसहित निर्माणको जिम्मा पाएको नेपाली सेनाले स्थानीय बासीलाई घर भत्काएर सुरक्षित ठाउँ जान आग्रह गरेको थियो । प्रशासनले पटकपटक उनीहरुलाई अन्यत्रै जान सूचना पनि जारी गरेको हो । तर उनीहरुले अन्यत्र उपयुक्त ठाउँको समस्या हुने भन्दै कही गएनन् ।२०७३ सालमा लालिघाट गेज बजारमा पहिरो जाँदा आठ जनाको ज्यान गएको थियो ।

## कांग्रेसमा ३६............

सदस्यमा मनोनित भएका छन् । तराई-मधेश समन्वय विभागमा सुर्खेतका धनिराम सुनार र रुकुमका उपेन्द्रबहादुर मल्ल विभागमा सदस्य भएका छन् । संघीय मामिला तथा प्रदेश समन्वय विभागमा जुम्लाका भक्तबहादुर रोकाया, सल्यानका प्रेमबहादुर डाँगी र रुकुमका लालबहादुर महत तथा वन, वातावरण तथा विपद व्यवस्थापन विभागमा दैलेखका भरत रिजाल, जुम्लाका गोविन्द शाही र जाजरकोटकमा बिनबहादुर सिंह मनोनित भएका छन् । यसअघि केन्द्रीय उपसभापतिको अध्यक्षतामा रहने पार्टीको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानमा सुर्खेतका नारायण सापकोटा, कालीकोटका मोतिराज बमलगायत सदस्यमा मनोनित भएका छन् । विनोद चौधरीको अध्यक्षतामा गठन भएका लगानी व्यवस्थापनसम्बन्धी केन्द्रीय विशेष समितिमा सुर्खेतका विष्णुबहादुर खड्का सदस्यमा मनोनित भएका छन् ।

## जोखिम बढेका जिल्लामा.....................

मास्क नलगाउने र स्वास्थ्य सुरक्षाको ख्याल नगरी अनावश्यक भीडभाड गरेकोले होटल र रेष्टुरामा बस्न नदिने नियम लागू गर्नु परेको उनले बताए । भदौ १ गतेदेखि विद्यार्थी भर्ना गर्ने यसअघिको घोषणा अब कार्यान्वयनमा नआउने भएको छ । भदौ १५ गतेसम्म विद्यार्थी भर्नाका कार्यक्रम रोकिएको उनले जानकारी दिए । 'शैक्षिक संस्था, सैलुनलगायत अर्को सूचना जारी नहुँदासम्म बन्द नै रहन्छ,' उनले भने । सीमा नाका भदौ ३१ गतेसम्म बन्द गरिएको छ । तर जोखिममा रहेका नेपालीलाई स्वदेश ल्याउन १० वटा नाका खुला गरिने उनले बताए । यसअघि जोखिममा रहेका नेपालीलाई स्वदेश ल्याउन भारततर्फ २० नाका खुला गरिएका थिए ।


## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३

इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


**पत्रकार आचारसंहिता,२०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**घटनासँग सम्बन्धित व्याक्ति/संस्थाको नाम उल्लेख नगरौं ।**

- **पत्रकार तथा संचारमाध्यामले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन तथा प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजिकका व्याक्तिको नाम जोडि मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामाग्री प्रस्तुत गर्नु हुदैंन ।**
- **यौन अपराध,सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मुल्याङ्कन विना नाम,ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्विर तथा दृष्य उत्पादन, वितरण वा प्रकाशन/प्रशारण गर्नु हुदैंन ।**

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत